हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
प्रदेश नं. २, नेपाल

आज मिती २०७७ साल मंसिर महिनाको १८ गतेका दिन विहान ७ बजे हरिपुर नगरकार्यपालिकाको वैठक नगर प्रमुख जमिरुदिन मंसुर ज्युको अध्यक्षतामा देहायका पदाधिकारी ज्युहरुको उपस्थितीमा पेश भएका निम्न प्रस्ताव उपर छलफल गरी निर्णय गर्न वैठक वस्यो ।

## उपस्थिती

| क्र स | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | जमिरुदिन मसुर | |
| २ | नगर उपप्रमुख | रेणुका देवी काफ्ले | |
| ३ | सदस्य(वडा अध्यक्ष वडा नं.१) | कुमार लामा | |
| ४ | सदस्य (वडाअध्यक्ष वडा नं.२) | रिखेश्वर कडरिया | |
| ५ | सदस्य (वडाअध्यक्ष वडा नं.३) | महमद हजरत शेष | |
| ६ | सदस्य (वडा अध्यक्ष वडा नं.४) | गुणेश प्रसाद साह | |
| ७ | सदस्य(वडा अध्यक्ष वडा नं.५) | मंसुर मिया | |
| ८ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | ईदी मंसुर | |
| ९ | सदस्य(.वडा अध्यक्ष वडा नं.७) | हृदय नारायण पजियार | |
| १० | सदस्य (वडाअध्यक्ष वडा नं.८) | हरि बहादुर थापा | |
| ११ | सदस्य (वडाअध्यक्ष वडा नं.९) | हरिनाथ प्रसाद साह | |
| १२ | सदस्य (महिला) | परमशिला देवी कानु | |
| १३ | सदस्य (महिला) | मैमुन खातुन | |
| १४ | सदस्य (महिला) | लक्ष्मी देवी | |
| १५ | सदस्य (महिला) | वेद कुमारी वलम्पाकी | |
| १६ | सदस्य (महिला) | सुनैना देवी चौधरी | |
| १७ | सदस्य ( दलित तथा अल्पसंख्यक) | खहेरु कुमर | |
| १८ | सदस्य ( दलित तथा अल्पसंख्यक) | जनक लाल महरा | |
| १९ | सदस्य | रामेश्वर प्रसाद साह | |
| २० | सचिव (.प्रमुख प्रशासकिय अधिकृत) | उदय प्रसाद देवकोटा | |

उदय प्रसाद देवकोटा
प्रमुख प्रशासकिय अधिकृत

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
प्रदेश नं. २, नेपाल

मिती २०७७।०८।१८

**छलफलका लागी पेश भएका प्रस्तावहरु**

१. "घ" वर्ग इजाजत प्रदान गर्ने सम्वन्धमा ।

२. वडा नं. १ वन क्षेत्रको अतिक्रमीत जग्गा छुट्टयाई सिमसार क्षेत्र ब्यवस्थापन गर्ने सम्वन्धमा ।

३. कोभिड-१९ को जनचेतना मुलक रेडियो कार्यक्रमको प्रशारणको भुक्तानी सम्वन्धमा ।

४. वडा नं. ५ मजुर्वा गाउँ देखि असन्वा जाने कृषि सडक मर्मत तथा निर्माणको इन्धन भुक्तानी सम्वन्धमा

**निर्णय नं. १**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको "घ" वर्ग इजाजत प्रदान गर्ने सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिका वडा नं. ९ पिडारीको विस्मीलाह तैयव निर्माण सेवा हरिपुर-९ लाई "घ" वर्गको निर्माण ब्यवसायी इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो

**निर्णय नं. २**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको वडा नं. १ वन क्षेत्रको अतिक्रमीत जग्गा छुट्टयाई सिमसार क्षेत्र ब्यवस्थापन गर्ने सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिका अन्तर्गत वडा नं. १ मा पर्ने वन क्षेत्रको जग्गा दिनहुँ अतिक्रमित भई रहेको र धेरै स्थानहरुमा वोट विरुवाहरु नभएको स-साना बट्यानले मात्र भरिएको पानी जमेको स्थानमा पनि खाली जग्गाहरु रहेकोले त्यस बन क्षेत्रको अतिक्रमीत जग्गा छुट्टयाई बेरोजगारी समस्यालाई मध्यनजर राख्दै आय आर्जन उद्देश्य लक्ष्यका साथ उक्त क्षेत्रमा नगरपालिकाले सिमसार क्षेत्रको संरक्षण गरी पोखरी निर्माण गर्दै आर्थिक श्रोत बढाउने र रोजगारी पनि सृजना गर्न उक्त बन क्षेत्रको अतिक्रमीण जग्गाहरुमा सिमसार (जलासय) निर्माण कार्य गरी नगरपालिकाको आन्तरिक पर्यटन र आय आर्जन बढाउने निर्णय गरियो । साथै यो कार्यको ब्यवस्थापनको लागि नेपाल सरकार वन तथा भुसंरक्षण मन्त्रालयसँग अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको कोभिड-१९ को जनचेतना मुलक रेडियो कार्यक्रमको प्रशारणको भुक्तानी सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको कोभिड-१९ को जनचेतना मुलक रेडियो कार्यक्रम प्रशारण गरे वापतको रकम रु. ४,९७,२००।०० एकता एफ.एम. लालबन्दी, सर्लाहीलाई प्रकोप ब्यवस्थापन कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ४**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको वडा नं. ५ मजुर्वा गाउँ देखि असन्वा जाने कृषि सडक मर्मत तथा निर्माणको इन्धन भुक्तानी सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिका वडा नं. ५ को मजुर्वा गाउँ देखी असन्वा जाने बाटो कृषि सडक निर्माण तथा मर्मत गरको इन्धनको विल अनुसार ४७,०००।०० रकम रामवावु आयल स्टोर्श कविलासी गैरलाई छैठौ नगरसभाको पेज नं. ७ को सि.नं. २३ निर्मित सार्वजनीक सम्पतीको मर्मत सम्भार खर्च रु. १०,००,०००।०० मध्ये बाट भुक्तानी गर्ने निर्णय गरियो ।